धनकुटा नगरपालिका

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना (IGBVRN) केस वर्कर कार्यशर्त (Term of Reference of Case Worker)

## १. पृष्ठभूमि :

लैङ्गिक हिंसा सम्बोधन नेपाल सरकारले शुन्य सहनशिलताको नीति लिएकोछ । लैङ्गिक विभेदको एक स्वरुपमा रहेको लैङ्गिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हो। नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएको एकल अधिकारको मर्म अनुसार जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक हिंसा रोकथाम तथा सम्वोधनका लागि विभिन्न प्रावधानहरू समेटेको छ। स्थानीय तहहरुले लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधनका लागि लैङ्गिक समानता प्रवर्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने, घरेलु हिंसा, लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बाल श्रम लगायतका सामाजिक कुरीति न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।नगरसभाले लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमको समीक्षा र अनुगमन गर्ने र लैङ्गिक हिंसाबाट प्रभावितहरुको उद्धार, संरक्षण, परामर्श सेवा र कानुनी सहायता प्रदान गर्नुपर्ने व्यवस्था रहेकोछ ।

यसै सन्दर्भमा लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुलाई लैङ्किक हिसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवामा पहुँच पुर्‍याउन र स्थाननीय तहका संस्थागत संरचानालाई बलियो बनाउँदै सबल, सक्षम तथा सभ्य समाज निर्माणमा सहयोग गर्न लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत पहुँच परियोजना (IGBVRN) संचालनमा रहेकोछ।यस परियोजनाले लैङ्किक हिसा पिडीत तथा प्रभावितहरुलाई न्यायमा सहज पहुँच, जनचेता अभिवृद्धि र सम्प्रेषण लगायत अन्य कार्यहरु गर्दै आएकोछ ।उक्त कार्यहरुलाई सहजीकरण गर्न र लैङ्गिक हिंसा पिडीत तथा प्रभावितहरुको आवश्यकताको विश्लेषण गरी अन्य सेवा प्रदायक संस्थाहरुसंगको समन्वयमा सेवा उपलव्ध गराउने कार्यमा सहयोगका लागि केश वर्करको महत्वपूर्ण भूमिका रहन्छ ।

## २. उद्देश्य :

स्थानीय स्तरमा लैङ्गिक हिंसा पिडित वा प्रभावितको आवश्यकताको पहिचानका साथै उपयुक्त सेवा प्रवाहको योजना तयार गरी लक्षित वर्गको पहुँच सुनिश्चितता गर्ने ।

## ३. कार्यविवरण र जिम्मेवारी

- हिंसा प्रभावित वा पिडित व्यक्तिहरूको केस पहिचान र मूल्याङ्कन गर्ने तथा व्यक्तिको आवश्यकता अनुसार योजना बनाउने र सेवा प्रवाह सुनिश्चित गर्ने।

Official Use Only

- महिला मैत्री स्थान र मोवाइल क्लिनिक संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
- केश फाइलहरूको गोप्य व्यवस्थापन गर्ने र नियमित रूपमा केशको प्रगति रिपोर्ट तयार गर्ने र सम्बन्धित निकायलाई बुझाउने।
- व्यक्तिगत केस योजना तयार पर्ने र आन्तरिक वाह्य सेवा प्रदायकसंग समन्वय गरी सेवाको पहूँच सुनिश्चितता गर्ने ।
- मर्यादा, सुरक्षा, गोपनीयता, गैर-भेदभाव, र क्षति नगर्ने सिद्धान्तहरूको पालना गर्दै केसको अभिलेख सुरक्षित गर्ने ।
- हिंसा पिडित तथा प्रभावित सम्वन्धी कुनै पनि कार्यहरु र प्रेषणका लागि अग्रिम सहमति लिने ।
- कार्यक्षेत्रमा कुनै पनि नैतिक मापदण्ड वा आचर संहिताको उल्लङ्घन भएमा सम्बन्धित निकायमा रिर्पोर्टिङ्ग गर्ने ।
- जोखिमको लेखाजोखा तथा सुरक्षा सम्बन्धी योजनाको विकास गर्ने ।
- GBV तथ्याङ्क व्यव्थापनमा सहयोग गर्ने ।
- हिंसा पिडितको सङ्कलित जानकारीको विश्लेषण गरी प्रतिवेदन समीक्षाका लागि Case Manager लाई पेश गर्ने ।
- समुदायस्तरमा अभिमुखिकण तथा सचेतना कार्यक्रमहरुमा सहभागी हुने ।
- हिंसा रोकथाम तथा तत्कालै सेवा प्रदान गर्नका लागि सामुदायिक मनोसामाजिक कार्यकर्ताको अनुगमन तथा समन्वय गर्ने ।
- मासिक त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- आकस्मिक घटनामा तत्काल सम्वोधन गर्ने ।
- GBV Platform को कार्यमा सहयोग गर्ने ।
- सम्प्रेषण सेवालाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

**४. शैक्षिक योग्यता तथा कार्यानुभव**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम प्रमाणपत्र उत्तीर्ण गरेको गरेको ।
- लैङ्गिक हिंसा सम्बन्धित वा सामाजिक सेवामा कम्तिमा ३ काम गरेको अनुभव भएको।
- लैङ्गिक हिंसा सम्वन्धित तथ्याङ्क संकलन व्यवस्थापन रिर्पोर्टिङ्ग प्रेषण सम्वन्धी अनुभव भएको ।
- लैङ्गिक हिंसा, सामाजिक परिचालन र जनचेतनामूलक तालीम गोष्ठी मा सहभागि भएको वा संचालन गरेको अनुभव भएको ।
- प्रभावकारी सञ्चार, समन्वय र संवेदनशीलता कायम राख्ने क्षमता भ।
- गोपनीयता र व्यावसायिकता कायम राख्न सक्ने।
- आवश्यक परेमा स्थानीय भाषामा सेवा दिन सक्ने।

Official Use Only

- कम्प्यूटर सम्वन्धि ज्ञान सिप भएको ।

**५. कार्यवधि** : हाललाई यो पदको कार्य अवधी आगामी २०८३ साल असार मसान्तसम्म रहनेछ र परियोजनाको कार्य अवधी बढेमा कार्य क्षमताको आधारमा नवीकरण हुन सक्नेछ ।

**६. प्रतिवेदन** :

- मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन कार्यक्रमका सम्पर्क व्यक्तिसंगको समन्वयमा केस म्यानेजरलाई पेश गर्ने।
- लैङ्गिक हिंसा पहिचान भएका केसको तथ्यांक प्रतिवेदन केस म्यानेजरलाई पेश गर्ने ।

**७. अपेक्षित उपलव्धि** :

- लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान भई आवश्यक सेवा उपलव्ध भएको हुनेछ ।
- आवश्यक सेवाहरुमा लैङ्गिक हिंसा पिडितको पहुँच अभिवृद्दिका लागि सहजिकरण भएको हुनेछ ।
- सेवा प्रदायक सस्थाहरुसंग आवश्यकताको आधारमा समन्वय गरी सेवा उपलव्धतामा सहयोग गरेको हुनेछ ।
- कार्यक्रम सम्पन्न, मासिक तथा वार्षिक प्रतिवेदन उपलव्ध भएको ।
- अन्य सम्वन्धित निकायमा प्रेषण भएका हिंसा पिडितहरुको अध्यावधिक तथ्याङ्क व्यवस्थापन
- GBV data व्यवस्थापन प्रभावकारी रुपमा भएको हुनेछ ।
- महिला मैत्री स्थान र मोवाइल क्लिनिक संचालन तथा व्यवस्थापनमा सहयोग पुगको हुनेछ ।
- सम्प्रेषण सेवा प्रभावकारी बनाउन सहयोग पुगेको हुनेछ ।

Official Use Only